# बृन्दावन नगरपालिका
# आर्थिक वर्ष २०८०/०८१ को
# नीति तथा कार्यक्रम

## "शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र रोजगारः बृन्दावन नगरपालिकाको समृद्धिको आधार"

बृन्दावन नगरपालिकाको सातौँ नगर सभाका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, नगर सभा सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, पूर्व नगर प्रमुख ज्यू, पूर्व नगर उप-प्रमुखज्यू, राजनितिक दलका प्रतिनिधिज्यूहरु, पूर्व वडा अध्यक्षज्यूहरु, पूर्व जनप्रतिनिधि ज्यूहरू, सुरक्षा निकायका प्रमुख ज्यूहरु, पत्रकार ज्यूहरु, नगरपालिकाका विषयगत शाखाका प्रमुखज्यूहरु, उपस्थित प्राधानाध्यापक ज्यूहरु, राष्ट्र सेवक कर्मचारीज्यूहरु तथा उपस्थित आदरणीय नगरबासी दाजुभाई तथा दिदिबहिनिहरु,

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिर्वतनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलन, सशस्त्र संघर्स, त्याग र बलिदानीको गौरवपूर्ण ईतिहासलाई स्मरण एवम् ज्ञातअज्ञात सहिदहरुलाई सम्मान गर्दै रौतहट जिल्लाको बृन्दावन नगरपालिकाको सातौँ नगरसभा र दोस्रो कार्यकालको दोश्रो र ऐतिहासिक नगर सभामा सहभागी सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु।

बृन्दावन नगरपालिकाको नगर सभाको यस गरिमामय बैठकमा बृन्दावन नगरपालिकाको प्रमुखको हैसियतले अगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ। सम्वत् २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्हालेको १ वर्ष पुरा भएको छ। यस अवधीमा नगरको विकास सुव्यवस्थापन र सुशासन कायम गर्ने दिशामा निकै दुरगामी र महत्वपूर्ण प्रभाव पर्ने कार्यहरूको थालनी गरिएको छ। यस कार्यमा नगरबासी तथा सरोकारवाला निकायहरूबाट भएको सहयोग, सहकार्य र समन्वयको लागि बृन्दावन नगरपालिका धन्यवाद ज्ञापन गर्दछ।

मुलतः स्थानीय जनताको सार्वभौम अधिकारलाई प्रचलन गराउने तथा चुस्त, दुरूस्त र प्रभावकारी सेवा प्रवाह गर्ने हाम्रो अभिष्ट हो। जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरूको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्ने कामलाई विशेष प्राथमिकतामा राखेका छौँ। शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन, न्याय निरूपण, मानव अधिकार प्रवर्द्धन जस्ता विषयगत क्षेत्रहरूका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु। आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम नगरवासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरूको सहयोग, समन्वय र सहकार्य रहने कुरामा म विश्वस्त रहेको छु।

गत आर्थिक वर्षमा प्रस्तुत गरिएको नीति तथा कार्यक्रमका कतिपय नीति तथा कार्यक्रमहरूलाई यस वर्ष पनि निरन्तरता दिइएको छ।

म यस सम्मानित बैठकमा चालु आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रमको प्रगतिको सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. नगर कार्यपालिकाको शाखाहरू व्यवस्थित गर्न थप टहरा निर्माण गरी सभा हल समेत व्यवस्थित गरिइएको छ।

२. चालु आर्थिक वर्षमा अनलाइन टेण्डर (E-Bidding) मार्फत कार्य प्रारम्भ भई भुक्तानीको चरणमा पुगेको छ।

३. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत विभिन्न वडाका लाभग्राहीहरूको खातामा प्रथम र दोस्रो किस्ता भुक्तानीको चरणमा रहेको छ।

४. उभोक्ता समिति मार्फत योजनाहरू सम्झौता भई केहि उपभोक्ता समितिले काम सम्पन्न गरी भुक्तानी समेत लिई सकेको र अन्यको काम अन्तिम चरणमा पुगेको छ।

५. वडा नं. ७ मा अवस्थित वर्थिङ्ग सेन्टरको स्तरउन्नती भई सञ्चालनमा आउने अवस्थामा रहेको छ।

६. एम्बुलेन्स सेवालाई सहज ढङ्गले निरन्तर सञ्चालन गरिएको छ।

७. गत पौष देखि राजश्व उठाउने कार्य अनलाइन प्रणालीबाट भई रहेको छ।

८. वडा नं. ६ र ८ मा वडा कार्यालय भवन निर्माणको क्रममा रहेको छ।

९. सडक बत्तीहरूको नियमित मर्मत संभार गरी व्यवस्थित रूपमा सञ्चालन भई रहेको छ।

१०. हाई मास टावरलाइट चालु आ.व. मा ६ स्थानमा जडान गर्ने कार्य प्रारम्भ भएको छ।

११. प्रशासकीय भवनको DPR तयार भई आजै शिलान्यास कार्यक्रम राखिएको छ।

१२. नदीजन्य पदार्थ उत्खनन्का लागि EIA तयार गरिएको छ।

१३. वडा नं. १ बागमती नदीमा पुल निर्माणका लागि संघीय तथा प्रदेश मन्त्रालयमा पहल गरिएको छ।

१४. विभिन्न कार्यविधिहरू पारित गरी लागु गरिएको छ।

१५. सामाजिक परिक्षण गरिएको छ।

१६. जलवायु उत्थान योजना निर्माण छ।

१७. जग्गा वर्गीकरणको कार्य विज्ञहरूको सहयोगमा अन्तिम चरणमा रहेको छ।

१८. स्वास्थ्य तर्फ खोप सेवा सञ्चालन, किशोरकिशोरी शिक्षा कार्यक्रम, उपचारात्मक सेवा, मासिक प्रगती प्रतिवेदन, LMIS त्रेमासिक प्रगती प्रतिवेदन, आमा समुहको बैठक तथा अभिमुखिकरण, पूर्ण खोप, आधारभूत तथा स्वास्थ्य संस्थाको स्थापना गरी सेवा निरन्तर गरिएको छ।

१९. राष्ट्रिय परिचय पत्र बनाउने कार्यलाई नगरपालिका हाताभित्रै स्थापना गरी सर्वसुलभ रूपमा राष्ट्रिय परिचयपत्र बनाउने कार्यलाई सहज बनाइएको छ।

२०. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ता बैँकको प्रतिनिधि खटाई प्रत्येक वडामै बितरण गर्ने व्यवस्था मिलाइएको छ।

२१. दुई वर्ष देखि बितरण नभई बैँकमा रहेको बालपोषण भत्ता बितरण गरिएको छ।

२२. लघुउद्यम कार्यक्रम तर्फ तोकिएका कार्यक्रमहरू केहि सम्पन्न र केहि अन्तिम चरणमा रहेको छ।

२३. रोजगार सेवा केन्द्रबाट प्रत्येक वडामा कार्यक्रम सञ्चालन भई सम्पन्न समेत भई सकेको र भुक्तानीको चरणमा रहेको छ।

२४. कृषि शाखा मार्फत किसानमुखी कार्य अगाडि बढाइएको; जस अन्तर्गत मलखाद बितरण र ५०% अनुदानमा बिउ बितरण लगायतका अन्य कार्यहरू निरन्तर रहेको छ।

२५. प्लान्ट क्लिनिक उपचार शिविर मार्फत कृषकहरूलाई प्राविधिक सेवा उपलब्ध गराइएको छ।

२६. पशु सेवा शाखा मार्फत कृत्रिम गर्भाधान सेवा, मेडिकल उपचार सेवा, गाइनोक्लोजिकल उपचार सेवा, गर्भ परिक्षण सेवा, पशु बन्ध्याकरण सेवा, माइनर सर्जिकल उपचार सेवा, प्रयोगशाला सेवा, थुनेलो तथा दुध परिक्षण, रेविज बिरुद्ध खोप र पशु बस्तु सम्बन्धी प्राविधिक सरसल्लाह उपलब्ध गराइएको छ।

२७. हेफर प्रोजेक्टसँगको सहकार्यमा मुल समुह गठन गरी खँसी र बोका वितरण तथा गोठ निर्माण गरिएको छ।

२८. अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्ग सहायता सामग्री वितरण गरिइएको छ।

२९. प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला स्थापना भई सञ्चालनमा रहेको छ।

**नगर सभा सदस्यज्यूहरू,**

अब म यस सम्मानित नगर सभाको बैठकमा आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु।

बृन्दावन नगरपालिकाको दुर दृष्टि- **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र रोजगार : बृन्दावन नगरपालिकाको समृद्धिको आधार"**।

**विषयगत क्षेत्रहरु निम्न बमोजिम रहेका छन्।**

- **सामाजिक विकास क्षेत्र।**
- **आर्थिक विकास क्षेत्र।**
- **भौतिक पूर्वाधार विकास क्षेत्र।**
- **वन,वातावरण तथा विपद व्यवस्थापन क्षेत्र।**
- **संस्थागत विकास,सेवा प्रवाह र सुशासन।**

## सामाजिक विकास

### शिक्षा, यूवा तथा खेलकुद: (शिक्षामा सुधार : प्रगतिको आधार)

१. सार्वजनिक शिक्षाको सबलीकरण गर्दै रोजगारमूलक र प्रविधिमैत्री शिक्षा प्रदान गर्ने नीति लिइनेछ।

२. नगरभित्र साक्षरता अभियान संचालन गरी साक्षर नगरपालिका घोषणा गरिनेछ।

३. नगरभित्रका बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि सामुदायिक बाल उद्यान केन्द्र स्थापना गरिनेछ।

४. न्यून दरबन्दी रहेका विद्यालयहरुमा विद्यार्थी संख्याका आधारमा नगरपालिकाबाट स्थानीय शिक्षकको व्यवस्था गरी पठनपाठनलाई सुदृढीकरण गरिनेछ।

५. स्थानीय विषयमा पाठ्यक्रम निर्माण गरी लागु गर्ने नीति लिइएको छ।

६. विद्यालय बाहिर रहेका सबै बालबालिकाका लागि विद्यालयमा ल्याउन कार्यक्रम संचालन गर्ने निति लिइनेछ।

७. छात्राहरुलाई SEE पछि प्राविधिक शिक्षा तथा उच्च शिक्षाका लागि यस नगरपालिकाबाट जम्मा १० (दस) जना विद्यार्थीहरुलाई कार्यविधि बनाई विशेष छात्रबृत्ति प्रदान गरिनेछ।

८. सामुदायिक विद्यालयको गुणस्तर बढाउनका लागि आफ्ना छोराछोरी पढाउने जनप्रतिनिधि,शिक्षक तथा कर्मचारीहरूलाई प्रोत्साहन गरी क्रमशः अनिवार्य गर्ने नीति लिइनेछ।

९. बृन्दावन प्राविधिक शिक्षालयको पठनपाठनलाई विषय र क्षेत्रगत रुपमा विकास र विस्तार गर्दै लगिनेछ।

१०. कक्षाकोठा,शौचालय,खानेपानी,घेराबार नभएका विद्यालयको भौतिक संरचना मर्मत गर्दै क्रमशःसुधार गर्दै लगिनेछ ।

११. सवै विद्यालयहरुमा कम्प्युटर प्रयोगशाला, विज्ञान प्रयोगशाला र पुस्तकालयको क्रमशः स्थापना तथा व्यवस्थापन गरिनेछ।

१२. विद्यालयहरुमा वृक्षारोपण गरी हरित विद्यालयको अवधारणालाई अगाडी बढाइनेछ।

१३. शिक्षकहरुको क्षमताको वृद्धि र विकासको लागि तालिम सञ्चालन गरिनेछ।

१४. शिक्षक दरबन्दी मिलान गरी शिक्षकको व्यवस्थापन गरिने नीति लिइनेछ।

१५. न्यून विद्यार्थी संख्या र विद्यालयको दूरी १ कि.मी. भन्दा कम भएको विद्यालयहरुलाई क्रमशः गाभ्ने नीति लिइनेछ।

१६. धार्मिक प्रकृतिका शिक्षालयहरूलाई मूलप्रवाहीकरण गरिनेछ।

१७. नगर भित्रका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न दिर्घकालिन गुरू योजना तयार गर्ने नीति लिइएको छु।

१८. सबै विद्यालयमा कक्षा १ देखि अङ्ग्रेजी माध्यमबाट पठनपाठन गराउने निति लिइनेछ। र, यो कार्य यस वर्ष मा.वि. तह संचालित विद्यालयबाट सुरु गरिनेछ।

१९. भिन्न क्षमता भएका बालबालिकाहरूको शिक्षाको सुनिश्चितताको लागि क्रमश: अवसरहरूको बिस्तार गरिनेछ।

२०. यूवा तथा खेलकुद मन्त्रालय र नगरपालिकाको सहकार्यमा स्थानीय खेलकुद पूर्वाधार विकास कार्यक्रम एक पालिका एक खेल मैदान मार्फत स्थानीय यूवा खेलाडीहरूलाई वृत्ति विकासको अवसर सृजना गरिनेछ।

२१. खेलकुद विकासको लागि विभिन्न पूर्वाधारहरू निर्माण, विद्यालय पूर्वाधारहरूको नियमित मर्मत र संभार गर्ने कार्यका लागि स्वर्णिम योजनाको रूपमा कम्तिमा एक वडा एक पूर्वाधार निर्माण गर्ने तथा सञ्चालनमा रहेका खेलमैदानको स्तरोन्नती तथा मर्मत संभार गरिनेछ।

२२. खेलकुद क्लब तथा खेलाडि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

२३. नगरपालिका भित्र सञ्चालित विद्यालयहरुमा रहेका बालविकास तर्फका शिक्षक, कार्यालय सहयोगी र विद्यालय कर्मचारीको तलब नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम क्रमशः मिलान गर्दै लगिनेछ।

२४. सरकारी सेवालाई प्रोत्साहन गर्न विभिन्न तहका विधार्थीहरुको लागि नगरपालिकाको लगानीमा निशुल्क लोकसेवा कक्षा संचालन गरिने प्रबन्ध मिलाईनेछ।

२५. नगर भित्रका विद्यालयहरू मध्ये एउटा विद्यालयलाई नगरको नमुना विद्यालयको रूपमा विकास गरिनेछ।

## स्वास्थ्य : ( जनताको अधिकार : निशुल्क स्वास्थ्य उपचार )

बृन्दावन नगरपालिकाले नगरभित्रका नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवाहरु नियमित एवं व्यवस्थित रुपमा पुर्याई नागरिकको स्वास्थ्य अभिवृद्धि तथा प्रवर्धन गर्ने नीति लिइएको छ । नगरपालिकाले हाल संचालनमा रहेको स्वास्थ्य कार्यक्रमहरुलाई निरन्तरता दिदै नागरिक स्वास्थ्य सेवालाई प्रवर्धन गरी पँहुच अभिवृद्धि गर्न देहाय बमोजिम नीति तथा कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

२६. नगर प्रमुख स्वास्थ्य कार्यक्रम अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र बिश्रामपुर र वडा नं. ७ धमौराको वर्थिङ्ग सेन्टरमा समय समयमा विशेषज्ञ सेवा सहित शल्यक्रिया सहितको प्रसुति सेवा प्रदान गर्नुका साथै नगर भित्रका विभिन्न वडाहरुमा विशेषज्ञ सेवा तथा आवश्यक पूर्वाधार सहित स्तरोन्नति गरिनेछ।

२७. बृन्दावन नगरपालिकामा स्वीकृत १५ शैयाको आधारभूत अस्पताललाई प्रदेश स्तरको अस्पतालको रूपमा स्थापना तथा संचालन गरिनेछ।

२८. नगर स्तरीय अस्पतालको अवधारणा लिई प्रयोगशाला, ईमरजेन्सी सेवा, अल्ट्रासाउण्ड सेवा, डिजीटल एक्सरे, पोस्टमार्टम, सर्पदंश र ARV उपचार सेवा विस्तार गर्दै नमुना प्राथमिक स्वास्थ्य केन्द्र बनाइनेछ।

२९. स्वास्थ्य संस्थाहरुमा हाल संचालनमा रहेका गर्भवती जांच तथा प्रसुति सेवा, खोप तथा गाउँघर क्लिनिक सेवा, ओ.पी.डी.सेवा र आमा समूह बैठक र अन्य राष्ट्रिय कार्यक्रमहरुलाई व्यवस्थित एवं सबलीकरण गर्दै लगिनेछ।

३०. सवै स्वास्थ्य संस्थामा आधारभूत स्वास्थ्य सेवाहरु संचालन गरी सोको अनलाईन रिपोर्टिंगको व्यवस्था गरिनेछ।

३१. जेष्ठ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन सहितको सुनौलो स्वेच्छिक अवकासको अवधारणालाई अवलम्बन गरिनेछ। साथै महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन गर्ने नीति लिईनेछ।

३२. स्वास्थ्यकर्मीहरुलाई आवश्यक विषयगत तालिमको व्यवस्था गरिनेछ।

३३. स्वास्थ्य बिमा कार्यक्रमलाईस्थानीय नगरपालिकाबाट बिशेष प्राथमिकताका साथ व्यवस्थित गर्दै लगिनेछ। र, स्वास्थ्य बिमा सहयोगीलाई बिमा कार्यक्रम प्रभावकारी बनाउन आर्थिक रुपमा सहयोग गर्ने नीति लिईनेछ।

३४. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई बिशेष प्राथमिकताका साथ लागु गरिनेछ।

३५. औलो, कालाजार तथा डेंगी रोग नियन्त्रणका लागि आवश्यक जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्नुका साथै माथिल्लो निकायसँग समन्वय गरी निर्देशिका बमोजिम औषधी छर्कने कार्यक्रम र औषधी उपचार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

३६. ज्येष्ठ नागरिकहरुको लागि नियमित स्वास्थ्य परिक्षणको व्यवस्था मिलाइनेछ।

३७. प्रसव वेथाका गर्भवति महिला, सुत्केरी र अत्ति विपन्न परिवारका सिकिस्त बिरामीलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ।

३८. एन्टिरेविज भ्याक्सीनको व्यवस्था मिलाइनेछ।

३९. रेविज,सर्पदंश आदिको बारेमा प्रचार प्रसार तथा उपचारको व्यवस्था गरिनेछ।

४०. मातृ तथा नवजात शिशु कार्यक्रमलाई निरन्तरता दिई परिवार नियोजन लगायत सुरक्षित गर्भपतन सेवा कार्यक्रमलाई सुव्यवस्थित ढंगले संचालन गरिनेछ।

४१. नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरु द्वारा गर्भवती तथा सुत्केरी महिलाहरुलाई नियमित सेवा प्रदान गरी क्रमश: वडाहरुलाई पूर्ण ए. एन. सी. तथा घरमा शुन्य प्रसुती गराउने वडा तथा पालिका सुनिश्चित गरिनेछ।

४२. गर्भवती,सुत्केरी महिला तथा बालबालिकाहरुलाई कुपोषणबाट बचाउने उदेश्यले नियमित लेखाजोखा तथा पोषीलो आहार वितरण गर्ने कार्यक्रम लागु गरिनेछ।

४३. नगर भित्रका दलित, भुमिहिन, विपन्न वर्गका सुत्केरी महिलालाई पौष्टिक आहारको लागि कार्यविधि बनाई सहयोग गर्ने नीति लिइनेछ।

**खानेपानी तथा सरसफाई: (स्वच्छ खानेपानी : सुखी जिन्दगानी)**

४४. यस नगरभित्र बसोबास गर्ने सम्पूर्ण नागरिकहरुको लागि स्वच्छ खानेपानीको व्यवस्थापनका लागि प्रत्येक वडामा जल संरक्षण कार्यक्रम सञ्चालनमार्फत नगरक्षेत्रको पिउने पानीको दिगो समाधान गर्ने नीति लिइनेछ।

४५. फोहोरको उत्पादन स्रोतमा नै वर्गीकरण गरी फोहोरलाई मोहरमा रुपान्तरण गर्न आधुनिक प्रविधिकोफोहोर संकलन केन्द्रको स्थापना गरिनेछ।

४६. स्थानीयलाई फोहफरमैलाको वर्गीकरण, पुन:प्रयोग र प्रशोधन सम्बन्धि जनचेतना अभिवृद्धि गर्ने नीति लिइनेछ।

४७. सडक, पेटी, र सार्वजनिक स्थल,पार्क, नदि,मन्दिर, नाला आदीम फोहरमैला विसर्जन गर्न प्रतिबन्ध लगाउने नीति लिइनेछ।

४८. टोल बस्तीमा रहेका परम्परागत तथा पहिला जडान भएको ह्याण्ड पाईपबाट आउने पानीको परिक्षण गरिनेछ। पिउन योग्य पानीको सचेतना अभिबृद्धि गरिनेछ।

४९. फोहरमैलाको दिगो व्यवस्थापन, प्रदूषण नियन्त्रण, खुला क्षेत्रको पहिचान तथा संरक्षण, खोलानालाको नियमित सरसफाई, डुवानको समाधान तथा हरियाली प्रवद्धन गर्ने जस्ता पर्यावरणमैत्री कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गरिने छ।

५०. सबै नागरिकलाई आधारभूत खानेपानी सेवाको पहुँच पुर्‍याई गुणस्तरीय खानेपानी सेवा बिस्तार गर्दै लगिनेछ। **एक घर एक धारा** को लक्ष्य प्राप्त गर्ने गरी खानेपानी आयोजना तथा कार्यक्रम सञ्चालन गरिनेछ।

५१. पुरानो र सञ्चालनमा समस्या रहेका खानेपानी आयोजनाको मर्मत र पुनर्स्थापना गरिनेछ।

## लैङ्गिक समानता तथा सामाजिक विकास:

५२. आर्थिक समृद्धि र दिगो विकास, समान पहुच र नेतृत्व विकासका लागि महिलालाई अवसर सृजना हुने सिपमुलक कार्यक्रम संचालन गर्ने नीति लिइनेछ।

५३. अपाङ्गता भएका व्यक्तिहरुका लागि सहज रुपमा अपाङ्गता परिचयपत्र प्राप्त गर्न घुम्ती शिबिर संचालनमा ल्याइनेछ।

५४. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गराउन जेष्ठ नागरिक मिलन केन्द्र मार्फत अन्तरपुस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।

५५. बालबालिका तथा किशोर किशोरीलाई असल अभ्यासको अनुसरण गर्न तथा विकृती तथा विसंगतीबाट जोगिन चेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ।

५६. बालबालिकाहरूमा पोषण आहार, असल आनीबानी र अभिभावक बीचको  सुमधुर सम्बन्ध विकास गर्न बाल संबेदनशील अभिभावक कक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५७. नगर भित्रका विपन्न, दलित, भूमिहिन, मजदुरका ४५ जना छोरीहरूलाई (एक घर एक छोरी) विवाह खर्च कार्यविधि बनाई उपलब्ध गराइने नीति लिइनेछ।

५८. दाइजो नलिई विवाह गर्ने जोडीलाई नगरपालिकाले सामाजिक सम्मान गर्ने नीति अवलम्वन गरिनेछ।

५९. अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्ग सहायक साम्रगी तथा सीप मूलक तालिम दिई आत्म निर्भर तथा आत्म विश्वासको बृद्धि गर्ने वातावरण सिर्जना गरिनेछ।

६०. जोखिममा परेका बालबालिकाहरूका लागि तत्काल राहत उद्दार र संरक्षणका लागि बाल अक्षय कोषको स्थापना गरिनेछ।

६१. नगरपालिकाको वडा स्तरमा आफ्नै भवनमा बाल स्याहार केन्द्र स्थापना गर्न बिशेष पहल गरिनेछ।

६२. सामाजिक सुरक्षा भत्तालाई लाभग्राही सम्म सरल, सहज र पहुँच योग्य बनाउन नगरपालिका भवनमा स्थानीय बैंकसंगको समन्वयमा एक बिस्तारित शाखा (EXTENSION COUNTER) स्थापना गरिनेछ।

६३. लैङ्गिक तथा घरेलु हिंसा पिडितहरुको लागि हिंसा निवारण कोषको स्थापना गरिनेछ।

६४. महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिको हकमा आवश्यक कार्यविधि निर्माण गरी विविध पक्षबाट विकासको लागि पहल गर्ने नीति ल्याईनेछ।

६५. नगरपालिका भित्र रहेका सम्पूर्ण महिलाहरुको विवरण संकलन गरी सोही बमोजिम अवस्था आंकलन गरी लक्षित कार्यक्रम संचालन गरिनेछ।

६६. सरकारी, गैर सरकारी संघसंस्थाहरूसँगको सहकार्यमा लागु औषध दुर्व्यसन रोकथाम अभियान संचालन गरी नगरलाई लागु औषध मुक्त क्षेत्र बनाउन सहयोग पुऱ्याईनेछ।

६७. नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्दै पछाडी परेको वर्ग तथा समुदाय,दलित,आदिवासी जनजाती,पिछडावर्ग,अपाङ्गताभएका व्यक्ति,तथा यौनीक अल्पसंख्यक,किसान,श्रमिकलाई राज्यको सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागि हुने हकको प्रत्याभुती गरेको छ। आर्थिक सम्वृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भुमिका स्थापित गर्दै श्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम संचालन गर्ने नीति लिइने छ।

६८. दलित समुदायले परम्परागत रुपमा गर्दै आएका सीपमुलक कार्यक्रमहरुलाई स्तरन्नोती एवं व्यसायीकरण गर्ने नीति लिईनेछ।

६९. नगर भित्रका असहाय, विपन्न, क्यान्सर पिडित, मृगौला रोगी, मुटु रोगी जस्ता जटिल प्रकृतीका रोगीहरूलाई कार्यविधि बनाई आर्थिक सहायता वितरण गरिनेछ।

## आर्थिक विकास

### कृषि र पशुपन्छी विकास:

### कृषि : (संरक्षित कृषि बजार : किसानको जिवनमा बहार)

७०. **"सिँचाई मे लगानी किसान के खुशहाली"** नारालाई सार्थक बनाउन डिप ट्यूबेल, स्यालो ट्युबेल, साना तथा मझौला सिँचाई आयोजनाहरू निर्माण तथा सञ्चालनमा ल्याइनेछ।

७१. निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक कृषि तर्फ उन्मुख गर्दै व्यवसायिक कृषिलाई बजारको प्रतिस्पर्धी बनाउनुका साथै विषादी रहित अर्गानिक खेती र गुणस्तरीय उत्पादनका लागि कृषिका सबै सरोकारवालाहरु (उत्पादक, प्रशोधनकर्ता,व्यापारी) समेतको माग र आवश्यकता अनुसार सम्बोधन गर्ने नीति लिइनेछ।

७२. नगर भित्रका वडाहरुलाई उत्पादनको आधारमा एक वडा एक उत्पादनमा जोड दिई व्यवसायीकरणलाई बढावा दिदै कृषि उपभोगमा नगरलाई आत्मनिर्भर बनाई कृषि बस्तु निर्यातमा विशेष जोड दिइनेछ।

७३. कृषकहरुको सीप अभिबृद्धि र प्रविधिमा पहुँच विस्तार गर्न क्रमिक र संस्थागत सुधार गरिनेछ।

७४. प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र स्थापना गर्न जोड गरिनुका साथै परम्परागत हाट बजार व्यवस्थापन गरी स्थानीय कृषि बजार र निर्यात प्रवर्द्धनमा जोड दिइनेछ।

७५. नगर भित्र उत्पादित कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य तोकिने छ र सोही अनुसार विक्रि मूल्य कायम गरिनेछ।

७६. कृषि उत्पादनसँग सम्बन्धित साना तथा मझौला उद्योग स्थापनामा सहयोग गरिनेछ।

७७. युवा लक्षित कार्यक्रमको सहयोगमा कम्तिमा १ वडा १० यूवा कृषकलाई कृषि उत्पादनमा सहभागी गराई कृषि क्षेत्रको व्यवसायीकरण गर्न प्रोत्साहन गरीनेछ।

७८. मौरीपालन, च्याउको विउ, उन्नत तरकारीको वीउ, विभिन्न जातका फलफुल खेती, रैथाने वाली, प्लाष्टिक टनेल, ग्रीन हाउस, आधुनिक कृषि यन्त्र तथा उपकरण आदिमा निश्चित प्रतिशत अनुदान दिई कृषि सहकारी, समूह, फर्म तथा कृषकलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

७९. गोबर तथा गोठ सुधार कार्यक्रम संचालन गरी आधुनिक प्रांगारिक खेतिमा जोड दिइनेछ।

८०. किसान परिचय पत्र कार्यक्रमलाई विशेष जोड दिई परिचय पत्रको आधारमा व्यवस्थित रुपमा कृषि व्यवसाय गर्नेहरुको लागि व्यवसायिक योजनाका आधारमा सहुलियत ऋण वा अनुदान उपलब्ध गराउन बैँक तथा वित्तीय संस्थाहरुसगँ समन्वय गरी सहजीकरण गरिनेछ।

८१. निर्मित कृषि उपज संकलन केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ।

८२. साना कृषक तथा भूमीहीन कृषकको लागि विशेष कार्यक्रम ल्याइनेछ।

८३. नगर भित्रका उत्कृष्ट कृषक, समूह, सहकारीलाई सम्मान गर्ने कार्यक्रम ल्याइनेछ।

८४. कृषि विमा अभिमुखीकरण गरिनुको साथै विमा कार्यक्रमलाई विशेष जोड दिइनेछ।

८५. सबै वडामा माटो परिक्षण शिबिर कार्यक्रम सञ्चालन गरिनेछ।

८६. कृषि उत्पादनको बृद्धि गरी उत्पादकत्व बढाउनको लागि यस नगरपालिका भित्र रहेका सबै वडाहरुमा आवश्यकता अनुसार सिचाई कार्यक्रमलाई विशेष जोड दिइने नीति लिईनेछ।

८७. कृषि सेवालाई सरल र सहज रुपमा कृषकको घरदैलोमा पुऱ्याउने लागि आवश्यक कृषि प्राविधिकहरुको व्यवस्था गर्ने नीति लिईनेछ।

८८. कृषि उपजको भण्डारणका लागि SAILO, साना शित भण्डार जस्ता प्रविधिको कृषि समूह सहकारी तथा व्यवसायीक किसानहरुलाई सहयोग गरिनेछ।

८९. कृषिउत्पादनलाई आधुनिकीकरण गर्न उन्नत जातको बीउ विजन,बर्षि औजार र सामाग्रीहरु कृषक तथा कृषक समुहहरुलाई लागत साझेदारीमा वितरण गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने नीति लिईनेछ।

९०. कृषि उपजको भण्डारणको लागि शित भण्डार तथा कृषि गोदामको व्यवस्था गर्ने नीति लिइनेछ।

९१. बजारमा उच्च माग भएका र तत्काल बिक्री वितरण गरी आय आर्जन गर्न सकिने नगदेबालीमा कृषकको प्राथमिकता र आकर्षण वृद्धि गर्न तालीम,समुह खेती,अध्ययन भ्रमण र अनुसन्धान गर्न थप लगानी गर्ने नीति लिईनेछ।

९२. नगरको उत्पादन नगर क्षेत्रमै उपभोगको नीति अवलम्बन गर्दै नगरबासीहरुलाई स्थानीय उत्पादन स्थानीय हाट बजारबाटै खरिद गरी उपभोग गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ।

## पशु तथा मत्स्य विकास :

९३. कृषकलाई पशु आहारामा लाग्ने खर्च न्युनिकरण गर्ने उद्धेश्यका साथ पशु आहारा सेवा अन्तर्गत घाँसबाली, विउ वेर्ना, वर्षे तथा हिँउदे घाँसको वितरण गरी कृषक समक्ष पुऱ्याउनेछ ।

९४. पशुपंक्षीमा लाग्ने सरुवा तथा संक्रामक रोग जस्तै पि.पि.आर,खोरत,भ्यागुते र स्वाइन प्लु जस्ता रोगहरु विरूद्ध कृषकको घरदैलोमा गई रोगको खोपसेवा संचालन गरिनेछ ।

९५. कृत्रिम गर्भधान प्रविधिलाई जोड दिदै यस नगरपालिकाको पशु प्राविधिकबाट कृषि गणना सेवा लिइएको कृषकको गाई वा भैसी व्याएको समयमा उक्त कृषकलाई नमुनाको रुपमा पशु सुत्केरी भत्ता वा सो समयमा आवश्यक रहने पौष्टिक पदार्थ स्वरुप औषधि उपलब्ध गराउने कार्यलाई नमुना रुपमा संचालन गरिनेछ ।

९६. नगरपालिकामा व्यवसायिक रुपमा पशुपालन गर्दै आएका कृषकहरुलाई मध्य नजर गर्दै आवश्यकता बमोजिम कृषि यान्त्रिकरणहरु च्यापकटर (कुट्टि काट्ने मेसिन),मिल्किङ्क मेसिन,दुध संकलन क्यान आदि वस्तु ५०% अनुदानमा उपलब्ध गर्ने कार्य प्राथमिकतामा राखिनेछ ।

९७. जिनेटिक रोग तथा अन्य रोगहरुको बारेका जनचेतना जगाउने खालको कार्यक्रमहरु विस्तार गरिनेछ ।

९८. विभिन्न जातका पशुपंक्षी पालनको लागि व्यवसायिक पालन बारे सिप विकास तालिम कार्याक्रम संचालन गरिनेछ।

९९. नगरपालिका अन्तर्गत रहेको व्यावसायिक पशुपालन कृषकहरुलाई प्रोत्साहन तथा हौसला बढाउने लक्ष्य सहित प्रत्येक वडाबाट एक उत्कृष्ट कृषक छनौट गरि पुरस्कृत गर्ने कार्यक्रम संचालन गरिनेछ ।

१००. फर्म सुदृढीकरण अन्तर्गत गोबर सहितको गोठ सुधार कार्यक्रम संचालन गरिनेछ ।

१०१. उपचार सेवा नपुगेको ठाउँहरुमा पशु स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।

१०२. गाई तथा भैसीमा देखिने मुख्य समस्या बाँझोपनलाई निर्मुल गर्न भेटेरिनरी डाक्टर तथा पशु प्राविधिक सहित विशेष उपचार तथा शिविर संचालन गरी उत्पादकत्वलाई वृद्धि गरिने नीति लिईनेछ ।

१०३. कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता विकास कार्यक्रम हेफर प्रोजेक्ट र नगरपालिकाको साझेदारीमा रहेको कार्यक्रम थप अन्य वडाहरूमा विस्तार गर्दै लाने नीति लिइनेछ ।

१०४. माछापालक कृषकलाई प्रोत्साहित गरिनेछ ।

१०५. माछापालन व्यवसायलाई निर्यात मूखी बनाई सहजीकरण गरिनेछ ।

१०६. माछापालक कृषकलाई आधुनिक प्रविधिको उपयोग गर्ने र उत्पादन बृद्धि गर्न जोड दिइनेछ ।

१०७. बृन्दावन नगरपालिकालाई माछा ब्लकको रुपमा विकास गरिनेछ ।

१०८. माछा भुरा उत्पादन, दाना व्यवस्थापन र सिँचाईका लागि व्यवसायीक माछा किसान तथा समूहलाई आवश्यक उपकरण तथा नयाँ प्रविधिमा सहयोग गरिनेछ ।

१०९. उत्पादन भएको माछाको मूल्य अभिबृद्धि तथा बजारिकरणका लागि आवश्यक सहयोग गरिनेछ ।

११०. कृषकहरुको पशु स्वास्थ्यलाई मध्य नजर गरि पशुपंक्षीको रोग पहिचान गर्न कम्तिमा १ वटा BASIC LAB स्थापनागर्ने नीति लिईनेछ।

१११. व्यवसायिक पशु पालन गरी कृषकहरुको जीवन स्तर वृद्धिको लागि HEIFER प्रोजेक्टसँग साझेदारीमा पशु साटासाट कार्यक्रम संचालन गरिनेछ।

११२. पशुजन्य उत्पादनमा जोड दिदै किसानलाई उन्नत पशु स्वास्थ्य सेवा निशुल्क तथा लागत साझेदारीमा सेवा दिई दुग्ध र मासु उत्पादनमा थप लगानी गर्न प्रोत्साहन गरिनेछ ।पशु पन्छी पालनमा किसानलाई पशु बीमा गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ।

११३. पशु बस्तुमा महामारीको रुपमा देखिएको **लम्पी स्कीन** रोग निवारण गर्न खोप सहितको अभियान संचालन गर्ने नीति लिइनेछ।

११४. बाख्रा, गाई, भैँसी जस्ता पशुपालन क्षेत्रमा उन्नत जातको ब्रिडर सेवा उपलब्ध गराउने नीति लिइनेछ।

## रोजगार:

११५. **"एक परिवार एक रोजगार"** को नारालाई दृष्टिगत गरी बृन्दावन नगरपालिकाका युवाहरूको लागि रोजगार सृजना तथा नविन उद्यशिलता विकास गर्ने बृन्दावन स्वरोजगार कार्यक्रम ल्याएको छु। यो कार्यक्रम सञ्चालन गर्न स्टार्टअप र सहुलियत पूर्ण ऋण सहितको कार्यक्रम सञ्चालन गरिनेछ।

११६. न्युनतम रोजगारीको प्रत्याभुती हुने गरी प्रधानमन्त्री रोजगार कार्यक्रम अझै प्रभावकारी रूपमा अघि बढाउन सामुदायिक आयोजनाहरूमा पालिकाको लागत साझेदारी गरिनेछ। वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रवर्द्धन गरी भौतिक पूर्वाधारको विकास गरिनेछ।

११७. श्रम स्वीकृती तथा पुनःश्रम स्वीकृतीको आवेदनलाई सरल सुलभ तथा व्यवस्थित सहजिकरण सेवा प्रदान गर्न रोजगार सेवा केन्द्रलाई सुद्दढिकरण गरिनुका साथसाथै वैदेशिक रोजगारीका अवसरहरू प्रदान गर्न सहजिकरण गर्ने व्यवस्था मिलाइनेछ।

११८. बैदेशिक रोजगारबाट फिर्ता आएका श्रमिकहरूको सीप पहिचान गरी स्वरोजगार मुलक कार्यमा संलग्न गराउन पहल गरिनेछ। साथै स्वरोजगार मुलक कार्यमा संलग्न स्थानीय यूवा उद्यमीहरूलाई प्रोत्साहित गरिनेछ।

११९. संघ तथा प्रदेशले ल्याईएको रोजगार मुलक कार्यक्रमलाई अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र बिस्तार गरिनेछ।

१२०. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगार प्रवर्द्धन गर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम प्रदायक संस्थाहरूसंग समन्वय गरी तालिम प्रदान गरिनेछ।

१२१. आन्तरीक रोजगारीका अवसरहरु सिर्जना गर्न निजी, सहकारी, गैरसरकारी तथा अन्य सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्यमा जोड दिईनेछ।

१२२. श्रम सम्बन्धलाई प्राथमिकतामा राख्दै सार्वजनीक पूर्वाधार विकास निर्माण,कृषि तथा सहकारी,व्यापार व्यवसाय,लघु उधम,पर्यटन तथा वित्तिय क्षेत्रबाट थप रोजगारी सिर्जना गर्न आवश्यक नीति अङ्गिकार गरिनेछ।

## पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन :

१२३. नगर क्षेत्र भित्रका ऐतिहासिक, धार्मिक, साँस्कृततिक सम्पदाहरुको पहिचान गरी वैज्ञानिक अभिलेखिकरण गर्दै तिनीहरुको संरक्षण एवं जगेर्ना गर्ने नीति लिइनेछ ।

१२४. नगरभित्र पर्यटन प्रवर्धनका सम्भावनाहरूको अध्ययन गरी पर्यटन विकासलाई जोड दिईनेछ ।

१२५. यस नगरपालिकामा रहेका ऐतिहासिक महत्व बोकेको जंग बहादुर राणाको मृत्यु भएको स्थल पथरघट्टा तथा सिमसार क्षेत्रको संरक्षण र विकास तथा सौन्दर्यता वृद्धि गर्न अघिल्ला वर्षहरु झै यस वर्ष पनि निरन्तरता दिइ आन्तरिक पर्यटकलाई आकर्षित गरिनेछ ।

१२६. ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदा तथा संस्कृतिहरुको पहिचान तथा अभिलेखीकरण गर्दै तिनीहरुको सर्वेक्षण, अनुसन्धान, सम्वर्द्धन, संरक्षणका लागि एकीकृत दीर्घकालीन गुरुयोजना निर्माण गरिनेछ ।

१२७. नगरपालिकाको स्वामित्वमा रहेका सम्पत्तिहरुको पहिचान गर्दै उचित संरक्षण र सम्वर्धनको अभावमा उपयोग नभएका भौतिक सम्पत्तिहरुको संरक्षण, व्यवस्थापन र उपयोग गर्न आवश्यक पहल गरिनेछ ।

१२८. ऐतिहासिक, पुरातात्विक,साँस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचिन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक ऐलानी, पर्ती जग्गाको लागत राख्ने तथा संरक्षण गर्ने नीति लिइनेछ ।

## उद्योग तथा वाणिज्य

१२९. नगरभित्र रहेका लघु तथा घरेलु उद्योगहरुको तथ्याङ्क संकलन गरी उद्योगहरुको प्रवर्द्धन र विकासमा जोड दिइनेछ।

१३०. कृषिमा आधारित उद्योग स्थापना र संचालनमा प्रोत्साहन गरिनेछ ।

१३१. नगर भित्रका सहकारी संस्थाहरूलाई साना उद्योग संचालनका लागि प्रोत्साहन गरिनेछ ।

१३२. नगर भित्र स्थापना हुने ठुला उद्योग स्थापनाको लागि आवश्यक सहयोग गरी प्रोत्साहित गर्ने नीति लिइनेछ ।

## सहकारी र वित्तीय क्षेत्रको विकास: टोल टोलमा सहकारी घर घरमा भकारी

१३३. नगरपालिकामा सहकारी संस्था सम्बन्धी नीति, कानून र आवश्यकता अनुसार मापदण्ड तयारी गरी कार्यान्वयन र नियमन गर्ने नीति लिइनेछ ।

१३४. सहकारी संस्था दर्ता,अनुमति, खारेजी र विघटन, सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्डको निर्माण तथा प्रभावकारी कार्यान्वयन र नियमन गरिनेछ ।

१३५. टोल टोलमा सहकारीको अवधारणा ल्याइनेछ ।

१३६. नगरपालिकामा वहुउद्देश्यीय सहकारी संस्था बनाई जनतामा छरिएर रहेको पूँजिलाई केन्द्रित गरिनेछ ।

१३७. अन्तरनगर वित्तीय सहायताबाट काम गर्ने नीति अवलम्बन गरिनेछ ।

१३८. सहकारी संस्थाको अध्ययन अवलोकनका लागि अन्तरप्रदेशिय भ्रमण गराई सहकारी संस्थाको स्तरमा सुधार ल्याईनेछ ।

१३९. गरिवी निवारण कोष अन्तर्गतका समूह र ती समूहमा रहेको कोषको व्यवस्थापन तथा सञ्चालन गरिनेछ।

१४०. सहकारी संस्थाको क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास, व्यवस्थापन एवं कोपोमिस तालीम संचालन गरी सहकारी संस्थाहरुलाई व्यवस्थित बनाईनेछ।

१४१. कृषि जमिनमा कृषकको पहुच विस्तार गर्न कृषि सहकारी संस्था मार्फत करार खेती, सामुहिक खेती, कौसी खेती, चक्लाबन्दी खेतीलाई विशेष प्रोत्साहन गरिनेछ।

## पुर्वाधार विकास क्षेत्र

### सडक पूर्वाधार तर्फको विकास निर्माण :

नगर गौरव योजनाको रूपमा यस आर्थिक वर्षमा १५ शैय्याको आधारभूत अस्पताल, हर्षाहा विश्रामपुर सडक कालो पत्रे, नगर प्रवेशद्वार, सिमसार क्षेत्र विकास कार्यक्रम, पथरघट्टा पर्यटकीय स्थल निर्माण र प्रशासकीय भवन निर्माणलाई राखिएको छ।

१४२. नगरपालिकामा यसै आर्थिक वर्ष देखि आयोजना बैँक स्थापना गर्ने नीति लिइनेछ।

१४३. सडक तथा यातायात क्षेत्रको विकासमा वडा कार्यालयहरुबाट राजमार्ग जोडिएका सडकहरु, वडा कार्यालयबाट नगरपालिका जोड्ने सडकहरु, अन्तर वडा कार्यालयहरु जोड्ने सडकहरु,धार्मिक तथा पर्यटकिय क्षेत्रको पहुच सडकहरु, नयाँ तथा पुराना बस्ती जोड्ने अन्तर आधार सडक तथा पुल निर्माणलाई पूर्णता दिने गरि कार्य गर्न आगामी आर्थिक वर्षमा समेत उच्च प्रातमिकतामा राखिएको छ।

१४४. नगरपालिकामा स्थानीय सडक, ग्रामीणसडक, कृषि सडक सम्बन्धी नीति, कानून, मापदण्ड, योजना बनाई कार्यान्वयन गरिनेछ।

१४५. अन्तर नगरपालिका जोड्ने सडकहरुलाई संघीय सरकार र प्रादेशिक सरकारसंग समन्वय गरी अगाडि बढाईनेछ।

१४६. नगरपालिकाबाट संचालन हुने जटिल प्रकृतिका कार्यहरू निर्माण व्यवसायीहरूबाट गरिनेछ।

१४७. मास्टर ड्रेनेज प्लान बनाई बजार तथा सहरी क्षेत्रको ढल तथा नाला व्यवस्थापन गरिनेछ। र, बस्तीमा रहेका सडकहरुमा नालाको व्यवस्थापन गरिदै लगिनेछ।

१४८. भौतिक पूर्वाधार निर्माण सम्बन्धी गुरु योजना र सडक गुरु योजना तयार गरी लागु गरिनेछ।

१४९. झोलुङ्गे पुल विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५०. **"एक वडा एक नमुना योजना"** निर्माण गर्न प्रत्येक वडालाई उपब्ध गराईएको बजेट सिलिङ्गबाट कम्तिमा रु. १५ लाख विनीयोजन गरी योजना छनौट गर्ने अभ्यासको थालनी गर्ने नीति लिइएको छ।

## भवन तथा सहरी विकास:

सडक, विधालय, स्वास्थ्य संस्था लगायतका आवश्यक विकास पूर्वाधारको नक्साङ्कन गरी सोका आधारमा बहुसंख्यक जनता लाभान्वित हुने गरी आयोजना छनौट र कार्यान्वयन गरिनेछ।

१५१. सार्वजनिक तथा निजि घर निर्माण गर्दा राष्ट्रिय भवन संहिता र मापदण्डलाई अनिवार्य रूपमा लागु गरिनेछ।

१५२. भवन आचार संहिता अनुसार नगर भित्र नयाँ घरहरू निर्माण गराईनुका साथै नयाँ नक्सा पास गर्दा **कम्तीमा ४ वटा विरुवा** रोपेको हुनुपर्ने र पक्की सडक उपलब्ध रहेको खण्डमा पक्की सडकको लेभेलबाट बढीमा ३ फिटसम्म मात्र (प्राविधिकको अनुमतीमा) प्लीन्थ लेभेल तोकेर नक्सा पास गरिनेछ।

१५३. नक्सापास प्रक्रियालाई सरल, सहज र पारदर्शीका साथै कागज रहित (Paper Less) बनाउन विद्युतीय भवन अनुमति प्रणाली (E-BPS) लाई समय सापेक्ष अद्यावधिक गरी विद्युतीय हस्ताक्षर (Digital Signature) समेतको प्रयोग गरी Biometric प्रणाली E-BPS मा आबद्ध गर्ने र Online प्रणालीबाट नक्सा दर्ता प्रक्रियालाई निरन्तरता दिइनेछ।

१५४. नगरभित्र रहेका खरको छानो विस्थापित गरी जस्ता पाता र टायलको छाना छाउने व्यवस्था मिलाइनेछ।

१५५. आफ्नो भवन नभएका वडा कार्यालयहरूको भवन निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

१५६. नेपाल विद्युत प्राधिकरणसंग समन्वय गरी डीप बोरिंग संचालनको लागि विद्युतीकरण तथा कृषि मिटर जडान, स्वास्थ्य चौकीहरूमा विद्युत जडान गरिनेछ।

१५७. नगर क्षेत्रमा नगरपालिकाको पूर्व स्वीकृती बिना घर टहरा लगायतका भौतिक पूर्वाधार निर्माण गर्ने गरेको पाइएको छ। यसरी बिना स्वीकृती निर्माण गर्दा मापदण्ड विपरीत र भवन संहितको समेत पालना नहुने अवस्था आउन सक्छ। यसर्थ नगरपालिकाको स्वीकृती बिना घर टहरा लगायतका भौतिक संरचना निर्माण भएको देखिना साथ वडा कार्यालयबाट त्यस्तो निर्माण कार्य रोक्का राख्न पत्राचार गर्ने नीतिगत व्यवस्था अवलम्वन गरिनेछ।

१५८. नगर क्षेत्रका विभिन्न स्थानहरूमा हाई मास लाइट जडान कार्यलाई यस वर्ष पनि निरन्तरता दिने नीति लिइएको छ।

## सूचना तथा सञ्चार :

१५९. सबै प्रकारका सूचना माध्यममा जनताको पहुँच पुऱ्याउन सञ्चार माध्यमलाई निष्पक्ष, मर्यादित, जिम्मेवार, व्यवसायिक र प्रतिस्पर्धी बनाउने नीति अवलम्वन गरिनेछ।

१६०. यसै आर्थिक वर्ष देखि सुरक्षित जनता आवास कार्यक्रम लागु गर्ने नीति लिइनेछ।

१६१. नागरिक तहमा सार्वजनिक सेवा र विकासका विविध आयामका बारेमा निरन्तर सचेतना र पैरवी गर्न विद्युतीय र छापा संचार माध्यमसंग सहकार्य गरिनेछ।

१६२. नगर क्षेत्रमा पत्रकारिताको विकास परिमार्जन एवम् पेशागत दक्षताका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१६३. नगरमा भए गरेका कामको डकुमेन्ट्री तथा बुलेटिन प्रकाशन गरिनेछ।

१६४. सम्पूर्ण वडा कार्यालयबाट संचालनमा रहेको अनलाईन घटना दर्तालाई प्रभावकारी रूपमा संचालन गर्दै निरन्तरता दिईनेछ।

१६५. नगरपालिका तथा वडा कार्यालयबाट कम्प्युटर प्रणालीद्वारा राजस्व संकलन गर्दै आएको कार्यलाई निरन्तरता दिदै e-payment सिस्टमलाई राजस्व संकलन प्रणालीमा आवद्ध गरी नागरिकलाई छिटो छरितो र सुविधा युक्त तरिकाले राजस्व भुक्तानी गर्न सकिने नीतिलाई निरन्तरता लिईनेछ।

१६६. अनलाईन योजना व्यवस्थापन प्रणाली संचालन गरिनेछ।

१६७. स्थानीय सरोकारका विषयहरु, जनचेतनामूलक संदेश, स्थानीय उद्यम तथा उत्पादन प्रवर्द्धन गर्ने जस्ता कुराहरुको प्रचार प्रसारमा योग्दान पुर्याउने सञ्चारकर्मी तथा सञ्चार संस्थालाई पुरस्कृत गर्ने।

१६८. डिजिटल नगर फ्रेमवर्क तयार गरी **सुशासनका लागि अनलाइन सेवा** गौरवका योजना मार्फत नगरबाट प्रदान गरिने सेवालाई अनलाइन माध्यमबाट प्रवाह गरिनेछ । गुनासो तथा सुनुवाईहरू सम्बोधन गर्ने तथा नगरको गतिविधिहरू अनुगमन गर्न **गुनासो सम्बोधन डेक्स** स्थापना गरिनेछ।

### उर्जा तथा वैकल्पिक उर्जा विकास कार्यक्रम :

१६९. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंगको सहकार्यमा नगरपालिका क्षेत्रभित्र वैकल्पिक उर्जाका विभिन्न श्रोतहरुको पहिचान गरी सुधारिएको चुलो, होम बायोग्यास, सोलार बत्ती, इन्डक्सन चुलो जस्ता प्रविधीको प्रयोगमा जोड दिईनेछ।

१७०. विश्व बजारमा पेट्रोलियम पदार्थ तथा खाना पकाउने एल पी जी ग्याँसमा भएको महंगी तथा आयातलाई न्यूनीकरण गर्न विद्युतीय चुलो र विद्युतीय सवारी साधनको आपूर्ति गर्ने नीति लिईनेछ।

१७१. नगरले प्रयोग गर्ने सवारी साधन र ग्यासलाई विस्थापन गरि विधुतीय सवारी साधन र विधुतीय चुलो प्रयोगमा ल्याइने छ।

१७२. नगर भित्रका दलित, विपन्न, भूमिहिन मजदुरहरूलाई न्यूनतम २० युनिट सम्मको सेवा शुल्क वापतको रकम नगरपालिकाबाट भुक्तानी दिने व्यवस्था मिलाइनेछ।

## वन,वातावरण तथा विपद् व्यवस्थापन

### वन तथा भु-संरक्षण : (हरेक घरमा बगैचा बनाऔं : फलफुलकाबिरुवाले सडक सजाऔं)

१७३. सार्वजनिक खाली जग्गा, नदी उकास क्षेत्रको पहिचान र संरक्षण गरी उक्त क्षेत्रको समुचित उपयोगबाट आयआर्जन गर्नुका साथै खोला बगर क्षेत्रलाई स्वच्छ सुन्दर बनाउन फलफुल तथा बोटबिरुवाहरू रोपी संरक्षणको व्यवस्था मिलाइनेछ।

१७४. गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन गरिनेछ।

१७५. सार्वजनिक जग्गा र सडक किनाराहरुमा फलफुलका बिरुवा रोप्न वन कार्यालयसँग साँझेदारी गरिनेछ। प्रत्येक वडामा एक एक वटा फलफुलका बिरुवा सहितको पार्क निर्माण गरिनेछ।

१७६. नगर क्षेत्रभित्र **एक घर चार विरूवा** वृक्षारोपणको नीतिलाई अगाडि सारिनेछ ।

१७७. **"जहाँ बाटो त्यहाँ रूख, त्यसले ल्याउँछ परम सुख"** को नारालाई चरितार्थ गर्दै नदी तथा सिँचाई एवम् सडकको दुबै किनारामा विरूवा रोप्ने व्यवस्था गरिनेछ ।

## जल उत्पन्न प्रकोप नियन्त्रण:

१७८. नगरपालिकामा बढि जोखिम तथा धनजनको क्षति हुनसक्ने संभाव्यताको अध्ययन गरी मानव बस्ती संरक्षणका लागि नदी नियन्त्रण र तटबन्ध मार्फत जल उत्पन्न प्रकोप व्यवस्थापनलाई संघीय सरकार, प्रदेश सरकार, राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी संस्थासंगको समन्वय र सहकार्यमा कार्यान्वयन गरिनेछ ।

१७९. नदीजन्य पदार्थहरुको उत्खन्न गर्दा नदी प्रणालीको प्रकार, उपलब्ध नदीजन्य पदार्थको परिमाण तथा स्थानीय वातावरणको संवेदनशीलता समेतलाई आधार मानी अध्ययन, अनुसन्धान गरी कार्ययोजना बनाएर मात्र नदीजन्य पदार्थको उपयोग गरिनेछ ।

१८०. बाढि तथा पहिरो न्युनिकरणका लागि खाली ठाउँ तथा नदी किनारमा बायो इन्जिनियरिङ्ग प्रविधि अनुसार बृक्षारोपण गर्ने नीति अवलम्वन गरिनेछ ।

१८१. नगरपालिकाको वन क्षेत्रभित्र रहेका वन तथा सिमसार क्षेत्र, पोखरी, पानीको मुहानको संरक्षण गर्दै लगिनेछ ।

## विपद् व्यवस्थापन:

१८२. विपद् व्यवस्थापन सम्वन्धी नीति, कानून, मापदण्ड, योजना निर्माण गरी नगरपालिकाबाट कार्यान्वयन र नियमन गरिनेछ ।

१८३. विपद् पूर्व तयारी तथा प्रतिकार्य,पुनः स्थापना योजना, खोज तथा उद्धार, राहत सामग्रीको भण्डारण र वितरण कार्यको लागि विपद व्यवस्थापन समितिलाई सक्रिय बनाईनेछ ।

१८४. संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था तथा निजी क्षेत्र र राष्ट्रिय/अन्तरराष्ट्रिय गैर सरकारी संस्थासंगको सहयोग, समन्वय र सहकार्यमा विपद् जोखिम क्षेत्रको नक्सांकन, बस्तीहरूको पहिचान र स्थानान्तरण, विपद व्यवस्थापनमा जलवायु परिवर्तन, अनुकूलन तथा प्रकोप व्यवस्थापनको कार्यक्रम संचालन गरिनेछ । साथै गरिदैं आएको कार्यलाई निरन्तरता दिईनेछ ।

१८५. विपद् पूर्व सूचना प्रणाली **(Early Warning System)** जडान तथा सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१८६. स्थानीय विपद् व्यवस्थापन समिति तथा अन्य विभिन्न कार्यदलका सदस्यहरुको क्षमता विकास गर्ने नीति लिइनेछ ।

१८७. पालिका स्तरीय बहुप्रकोप जोखिम नक्साङ्कन गरिनेछ ।

१८८. आपतकालिन कोष सञ्चालन कार्यविधि तयार गरिनेछ ।

१८९. स्थानीय तथा वडास्तरका विपद् जोखिम समितिहरू मार्फत विपद् जोखिमका लागि आपतकालीन उद्दार तथा आपतकालीन तालिम सञ्चालन तथा आवश्यक सामाग्रीहरूको व्यवस्था गरिनेछ ।

१९०. सार्वजनिक, पर्ती तथा नदी उकासको क्षेत्र पहिचान गरी यस्ता भू-क्षेत्रमा बहुउपयोगी खुल्ला क्षेत्रहरुको निर्माण, विकास र व्यवस्थापन गर्ने नीति लिइनेछ। उपयोगहिन अवस्थामा रहेका सार्वजनिक पर्ती जग्गाहरुको पहिचान गरी यस्ता क्षेत्रहरूमा नगरपालिकाले कार्यविधि निर्माण गरी लिजमा सरकारी कार्यालयहरु, सरकारी अस्पताल, सिटी हल जस्ता पूर्वाधार विकासमा सरकारी, सहकारी, सार्वजनिक निजी साझेदारीमा नगर कार्यपालिकाको बैठकको निर्णयबाट कार्य गर्न सक्ने कार्यगत व्यवस्था मिलाइनेछ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन : ( सुशासनका लागि : पब्लिक अडिट)

१९१. संविधानतः स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेका अधिकारहरूको प्रचलन गर्न विशेष पहल गरिनेछ। मालपोत र नापी सम्बन्धी कार्यलाई नगरपालिका मातहत सञ्चालनमा ल्याउन आवश्यक समन्वय सहित नीतिगत प्रवन्ध गरिनेछ।

१९२. संघ तथा प्रदेशबाट प्राप्त हुने संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम नगरपालिकाको पूर्व सहमति एवम् समन्वय बिना छनौट भएका योजना तथा कार्यक्रम कार्यान्वयन नगरिने व्यवस्था गरिनेछ।

१९३. सेवा केन्द्रका रूपमा सेवा प्रवाह गरिरहेका वडा कार्यालयहरूको काम कारवाहीलाई थप प्रभावकारी र अधिकार सम्पन्न बनाउन थप कर्मचारी, भौतिक पूर्वाधार तथा आवश्यक स्रोत साधनको व्यवस्था मिलाइने छ।

१९४. बृन्दावन नगरबासीले नागरिकता प्रमाणपत्रका लागि सिफारिस लिँदा र व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाईँ सराईँ) दर्ता गर्दा निशुल्क गर्ने नीतिलाई निरन्तरता दिएको छु।

१९५. नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि स्वदेशी तथा विदेशी विषय क्षेत्रगत, सेवा कालिन, पुनर्ताजगी तालिम, अध्ययन अवलोकन भ्रमण तथा मनोसामाजिक माध्यमबाट क्षमता अभिवृद्धि गरी संस्थागत कार्यसम्पादन स्तरमा सुधार ल्याइनेछ।

१९६. स्थानीय तहको संगठन विकास, जनशक्ति व्यवस्थापन लागि कानून बमोजिम स्थानीयतहको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी निर्धारण सहित वृत्ति विकासको अवसर दिइनेछ।

१९७. जनप्रतिनिधि र कर्मचारीहरुले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी,भ्रष्टाचारमुक्त र जनउत्तरदायी बनाउदै नगरको विकासमा पुर्‍याएको योगदानको आधारमा कर्मचारीको कामको मुल्यांकन गरी थप सुविधा तथा प्रोत्साहनको व्यवस्था गरिनेछ।

१९८. कार्यालयको कार्य बोझलाई घटाउन तथा सेवा प्रवाहलाई छिटोछरितो र पारदर्शी बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै लगिने छ।

१९९. सेवाग्राहीहरूलाई घरबाटै राजस्व तिर्न अनलाईन e-payment सहितको सेवा क्रमश: प्रभावकारी पार्दै लगिनेछ।

२००. EFT प्रणालीको माध्यमबाट भुक्तानीको व्यवस्था गरिनेछ।

२०१. खरिद प्रक्रियामा देखिएका समस्य समाधान गरी सार्वजनिक खरिदलाई सरल, पारदर्शी र प्रभावकारी बनाउन स्थनीय सार्वजनिक खरिद नियमावली तयार गर्ने नीति लिइएको छ र पालिकाको सम्पूर्ण खरिद प्रक्रिया E-Bidding मार्फत गर्ने नीति लिइनेछ।

२०२. स्थानीय सरकारको कार्यप्रणाली सुशासनको मूल्य र मान्यतामा आधारित हुनेछ ।

२०३. विकास निर्माण कार्य तोकिएको मापदण्ड तथा गुणस्तर बमोजिम हुने कुरालाई सुनिश्चित गरी प्रभावकारी नियमन गर्न सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण गरिनेछ ।

२०४. सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणलाई नियम अनुसार अनिवार्य रुपमा गर्ने व्यवस्था मिलाइने छ ।

२०५. नागरिकसँग नगरपालिका अन्तरसम्बाद कार्यक्रम लागु गरिनेछ ।

२०६. यसै आर्थिक वर्षमा नगर प्रहरी सम्बन्धी कार्यविधि तयार गरी नगर प्रहरी भर्ना प्रक्रिया अगाडि बढाइनेछ ।

२०७. नगर भित्र रहेका वडा कार्यालय, स्वास्थ्य चौकीहरू तथा विद्यालयहरूमा CCTV जडान गरी नगर कार्यपालिका कार्यालयबाट निगरानी गर्ने व्यवस्था मिलाइनेछ ।

## राजस्व परिचालन: (जनताको कर : राजश्व परिचालनको आधार)

२०८. नगरपालिकामा राजस्व नियन्त्रण, संकलन र बाँडफाँड, प्राकृतिक स्रोत साधन र व्यवसायिक कर, पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून,मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ ।

२०९. सबै आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने तथा आर्थिक क्रियाकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानी मैत्रीबनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्द्धन गरिनेछ ।

२१०. करको दरमा समसामयिक पुनरावलोकन गरी तथा दायरा फराकिलो बनाई राजश्व परिचालनमा थप प्रभावकारिता ल्याइनेछ । आवश्यकता अनुसार अनुगमन तथा संकलन गर्नका लागि टोली गठन गरी परिचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ । साथै अग्रीम कर तिर्न सक्ने प्रवन्ध मिलाइनेछ ।

२११. नगरपालिकाको भरपर्दो आम्दानीको श्रोत आन्तरीक राजश्व नै हो । आन्तरीक राजश्वको ठूलो हिस्सा ओगट्ने नदिहरूको ढुङ्गा,गिट्टी,बालुवाको उत्खनन्, संकलन, आन्तरीक बिक्री र निकासीका सन्दर्भमा संघ र प्रदेश सरकारबाट प्राप्त निर्देशनहरु तथा विधमान ऐन कानून बमोजिमका वातावरणीय प्रभावका प्रावधानहरुलाई कार्यान्वयन गर्दै लगिनेछ ।

२१२. नगरपालिकाको सिमित श्रोतलाइ ध्यानमा राखी आन्तरीक आय र राजश्वलाई बढाउन थप श्रोतहरु अध्ययन र पहिचान गरी आन्तरीक आय वृद्धि गर्दै जाने नीति लिइनेछ ।

## बृन्दावन नगरपालिका भु-उपयोग नीति :

२१३. कृषियोग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राख्ने प्रवृति र अनियन्त्रित खण्डीकरणलाई निरुत्साहित गर्दै कृषियोग्य भूमिको समुचित उपयोग एवम् संरक्षणलाई सुनिश्चित गरिनेछ ।

२१४. भूमीको उचित व्यवस्थापन तथा योजनाबद्ध बस्ती विकासका लागि नगर स्तरमा भूमापन गरी एकीकृत बस्ती विकास आयोजना सञ्चालन गरिनेछ ।

२१५. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासको समस्या समाधान गर्न राष्ट्रिय भूमि आयोगसंग सहकार्य गरी यथार्थ लगत लिई जग्गा धनी प्रमाण पुर्जा उपलब्ध गराईनेछ।

२१६. स्थानीय उत्पादनको मूल्याङ्कन अभिबृद्धि (Value Add) गर्ने कामलाई प्रोत्साहित गरिनेछ।

## न्यायीक सम्बन्धी नीतिः-

२१७. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको स्थानीय न्यायीक अधिकारलाई न्यायीक समिति मार्फत प्रभावकारी बनाइनेछ।

२१८. नगरपालिका भित्रका नागरिकहरूको सानातिना विवादका कारण मुद्धा मामिलामा अल्झिई आर्थिक तथा समयको हानी हुने अवस्थाको अन्त्य गर्दै त्यस्ता विवादहरू न्यायीक समिति मार्फत निराकरण गर्ने नीति लिइनेछ।

२१९. नागरिक स्तरमा हुने सानातिना विवादहरू मेलमिलापको माद्यमबाट समाधान गर्ने प्रत्येक वडामा मेलमिलाप समिति र नगर स्तरमा मेलमिलाप समिति गठन गरी विवादको समाधान गरिने नीति अवलम्बन गरिनेछ।

२२०. वडास्तर र नगर स्तरमा गठन भएको मेलमिलाप समितिका पदाधिकारीहरूका लागि मेलमिलाप सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

२२१. न्यायीक समितिका पदाधिकारी र मेलमिलाप समितिका संयोजकहरूको क्षमता अभिवृद्धिका लागि अन्तर पालिका भ्रमणको व्यवस्था गरिनेछ।

२२२. न्यायीक समितिबाट भएका क्रियाकलापहरूको सफ्टवेयर मार्फत व्यवस्थित अभिलेख राख्ने व्यवस्था मिलाइनेछ।

२२३. प्रत्येक वडामा न्यायिक समितिको काम, कर्तव्य र अधिकारको बारेमा सरोकारवालाहरू बीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

२२४. नगरपालिकालाई आवश्यक पर्ने ऐन, कानून, नियम, कार्यविधि निर्माण गर्ने कार्यलाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ।

२२५. विधायन समिति मार्फत निर्माण भएका कानूनहरू सकभर नगर सभाबाट पारित गरिने परिपाटीको विकास गरिनेछ।

२२६. विधायन समितिका पदाधिकारीको क्षमता अभिवृद्धिको लागी तालिम, अन्तरपालिका भ्रमणको व्यवस्था गरिनेछ।

२२७. नगरपालिकाबाट निर्माण भएका ऐन, कानून, नियम, कार्यविधिको बारेमा प्रत्येक वडामा जन चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

## बजेट तर्फ

**आदरणीय महानुभावहरु,**

मैले आगामि आर्थिक वर्षको नगरपालिकाको प्रस्तावित नीति तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गरें, प्रस्तुत नीति तथा कार्यक्रम र बजेट तयारीको क्रममा व्यवस्थापिका-संसद र प्रदेश सभाका माननीय सदस्यज्यूहरू, नगर सभाका सदस्यज्यूहरू, नागरिक समाजको सुझाव र मार्गदर्शनलाई अमूल्य निधिको रूपमा स्वीकार गरी वस्ती, वडा समिति, नगर कार्यपालिकाका सदस्यज्यूहरू, नगर सभाका सदस्यज्यूहरू, गैर सरकारी संस्था एवम् सरोकारवालाहरूबाट प्राप्त परामर्शहरूलाई नगरपालिकाको उपलब्ध श्रोतले अनुमति दिएको अधिकतम सिमामा रहि समेट्ने प्रयास गरिएको व्यहोरा यहाँहरू समक्ष सविनय अनुरोध गर्दछु। यस सम्बन्धी विस्तृत नीति तथा कार्यक्रम र बजेटको विवरण बृन्दावन नगरपालिका विकास योजना पुस्तिकामा प्रकाशित गरिने व्यहोरा यस सम्मानित नगर सभालाई जनाकरी गराउँछु।

अब म बृन्दावन नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को लागि प्रस्तावित राजश्व र व्ययको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु।

### आय तर्फ गरिएको अनुमान

(i) नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि तपसिल बमोजिमको जम्मा रकम **रू. ६१ करोड ८९ लाख ५५ हजार** मात्रको अनुमानित आय विवरण प्रस्तुत गरेको छ।

#### संघीय सरकार

| | | | |
|---|---|---|---|
| (क) संघीय वित्तीय समानीकरण अनुदान (पुँजीगत) – | ११ करोड | ८२ लाख | |
| (ख) संघीय विशेष अनुदान (पुँजीगत) – | | ७० लाख | |
| (ग) संघीय समपुरक अनुदान (पुँजीगत) – | | ५० लाख | |
| (घ) संघीय सशर्त अनुदान (चालु) - | २० करोड | ३६ लाख | |
| (ङ) संघीय सशर्त अनुदान (पुँजीगत)- | २ करोड | ४५ लाख | |
| (च) संघीय राजश्व बाँडफाँड – | ११ करोड | २५ लाख | ६६ हजार |

#### प्रदेश सरकार

| | | |
|---|---|---|
| (क) प्रदेश वित्तीय समानीकरण अनुदान (पुँजीगत) – | ८५ लाख | ८९ हजार |
| (ख) प्रदेश विशेष अनुदान (पुँजीगत) – | ३० लाख | |
| (ग) प्रदेश समपुरक अनुदान (पुँजीगत) – | २० लाख | |
| (घ) प्रदेश सशर्त अनुदान (पुँजीगत) - | २५ लाख | |
| (ङ) प्रदेश राजश्व बाँडफाँड – | २० लाख | |

#### आन्तरिक स्रोत

| | |
|---|---|
| (क) नगरपालिकाबाट आउने आन्तरिक श्रोत | ७ करोड |
| (ख) सञ्चित कोष खाता अ.ल्या. | ६ करोड |

## व्यय तर्फ गरिएको अनुमान

(ii) साथै आगामी आर्थिक वर्ष २०८०/०८१ मा चालु तर्फ रू. ३७ करोड ६ लाख (५९.८८ प्रतिशत) र पूँजीगत तर्फ रू. २४ करोड ८३ लाख ५५ हजार (४०.१२ प्रतिशत) गरी जम्मा रू. ६१ करोड ८९ लाख ५५ हजार व्यय हुने अनुमान पेश गरेको छु ।

आगामी आर्थिक वर्ष २०८०/०८१ को योजना तथा कार्यक्रमगत बजेट विनियोजनको विस्तृत विवरण बृन्दावन नगरपालिकाको वार्षिक नगर विकास योजना **(Red Book)** पुस्तिकामा प्रकाशित गरिने व्यहोरा निवेदन गर्दछु ।

अन्य क्षेत्र तथा तहबाट प्राप्त हुने बजेट तथा कार्यक्रममा समन्वय तथा सहजीकरण गरिनेछ ।

**अन्तमा,**

नगरको विकासमा नगरपालिका मात्र एक्लो नायक हुन सक्दैन बरू राजनैतिक तथा बौद्धिक बर्ग, विकासप्रेमी, समाजसेवी, गैर सरकारी संस्था, सरकारी एवम् सहकारी तथा निजी क्षेत्र, सञ्चारकर्मी नागरिक समाज समेतको साझा सहकार्य, सहयात्रा एवम् साझेदारी सहयोग आवश्यक हुने कुरामा फरक मत रहँदैन । यस तथ्य अनुरूप प्रस्तुत बजेटको कार्यान्वयनमा सबै सरोकारवाला पक्षहरूलाई निरन्तर सहयोग, समर्थन र सहकार्यका लागि सकृय भई दिनुहुन निवेदन गर्दछु। यस नीति तथा कार्यक्रम र बजेट तर्जूमा कार्यमा सहयोग गर्नु हुने शिर्ष नेता राजनितिक दल, जनप्रतिनिधि, संघसंस्था, समाजसेवी, बुध्दीजिवी, निजि क्षेत्र, गैर सरकारी तथा नागरिक समाज तथा बृन्दावन नगरबासीहरुमा आभार प्रकट गर्न चाहन्छु । यस कार्यमा अहोरात्र खटिने नगर कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत र अन्य कर्मचारी मित्रहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । यस नीति, कार्यक्रम तथा बजेट कार्यन्वयनमा सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा गरेको छु ।

**धन्यवाद !**

**बिनोद प्रसाद कुर्मी**
**नगर प्रमुख**
बृन्दावन नगरपालिका, रौतहट
२०८० आषाढ १०, आईतबार